## मुड्केचुला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय,डोल्पा**

**आ.व. २०७८।०७९**

**खण्ड :२०७८** **मितिः२०७७/०५/१८**

**प्रमाणीकरण मिति : २०७८।०५।१८**

# मुड्केचुला गाउँपालिकाको आर्थिक ऐन,विनियोजन ऐन र बार्षिक निती तथा कार्यक्रम,२०७८

मुडकेचुला गाउपालिकाको दशौं गाउँसभाको सभाअध्यक्ष, प्रमुख अतिथि , बिशेष अतिथि
उपस्थित सर्म्पुण अतिथि ज्यूहरु,
गाउँसभाका सदस्यहरु,
सर्म्पुण कर्मचारीहरु तथा,
उपस्थित सम्पुर्ण पत्रकारबन्दु, सुरक्षाकर्मी मित्र, बुवा,आमा,दाजु ,भाई तथा दिदीबहिनीहरु ।

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघियता कार्यन्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताहरुको प्रतिक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन,मधेश आन्दोलनबाट स्थापित व्यवस्थाले संविधान सभाको निर्वाचन भई जनताको प्रतिनिधिले नै संविधान निर्माण गरी हाल तपाई हामी समक्ष कार्यन्वयनमा रहेको छ ।

संविधानले सुनिश्चित गरेको प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानिय तहको निर्वाचन २०७४ सम्पन्न भईसकेर आज हामी मुडकेचुला गाउँपालिकामा स्थानिय सरकारको रुपमा रही यो कार्यक्रममा दशौ पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा निकै हर्ष र भाग्यमानी भएका छौ । देशलाई यस स्थितीमा ल्याई पुर्याउन आफनो त्याग गर्ने महान शहिदहरु, जनआन्दोदलनका घाइतेहरु ,द्वन्द्धपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघिय स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात शहीद हरुलाई सम्झन चाहन्छौ । संघियता र स्थानिय सरकार मार्फत गाउगाउमा सिंहदरवार,आफनो गाउँ आफै बनाउ, जनताको काममा सान जनप्रतिनिधिको सम्मान जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काधामा आएको छ । यो हाम्रो लागी अवसर र चुनौती दुवै हो । अधिकार,श्रोत साधन,बजेट,उतरदायित्व र जवाफदेहिता समेत स्थानिय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ ,जुन स्वागत योग्य छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म यस मुडकेचुला गाउँपालिकाको आ.व.०७८/७९ को निती तथा कार्यक्रम ***"स्वास्थ्य, शिक्षा, पूर्वाधार र रोजगार, मड्केचला गाउँपालिकाको समृद्धिको आधार"*** भन्ने मुल नाराका साथ प्रस्तुत गर्ने अनुमति चहान्छु ।

१. बिश्वभरि फैलिएको कोरोना (कोभिड १९) पहलिो चरण हुदै दोश्रो चरणको महामारीबाट बिश्वका सबैखाले धनी र गरिब देशहरु प्रभावित भै अक्रान्त भैरहेको सन्दर्भमा नेपाल पनि अछुतो रहन नसकेको सन्दर्भमा यस राष्ट्रिय महामारी र यसबाट श्रृजना हुने विपत ब्यबस्थापन राष्ट्रिय प्राथामकिता रहिरहेको सन्दर्भमा यस मुड्केचुला गााउपालिकाको अथक प्रयासका बाबजुत पहिलो चरणमा करिब १ करोड रुपैया लगानी गरि सरोकारवाला सबैको सक्रिय पहल कदमीका साथ यि सबैको नतिजा स्वरुप आजका दिन सम्म मुड्केचुला गाउपालिकामा यस कोरोना महामारीको संक्रमण हुननसकेको हर्षका साथ यो खुशीको कुरा तपाईहरु सबै समक्ष साट्न चाहन्छौ । तथापी यसबाट हुने जोखिम जिवितै रहेको सन्दर्भमा यस गाउपालिकाले कोरोना संक्रमणको दोश्रो संक्रमणबाट बच्न हाम्रा सबै सफल प्रयासहरुलाई निरन्तरता दिदै यस आ.ब.मा रु. १० लाख रुपैया बिनियोजन गरिएको छ ।

२. गाउपालिकाको गुरुयोजनामा रणनीतिहरु बार्षिक योजना र तत्थ्यांक ब्यबस्थापन एबं प्रतिवेदनका लागि सम्रग विकासका पक्षहरु समेटिएको गुरुयोजनामा पाच वर्षे आवधिक योजनामा र बार्षिक स्पष्ट लक्ष्य र उद्देश्यका वजेट नीति तथा कार्यक्रम बनाउदै लगिनेछ । यस कार्यसगै गाउपालिकाको पार्श्व चित्र निर्माण र वार्षिक तत्थ्यांकहरु ब्यबस्थापन गर्दै यसको आधारमा बस्तुगत योजनामा आधारित नीति तथा कार्यक्रम तयार गर्न यस आ.ब.मा आबश्यक पर्ने बजेट विनियोजन गरिएको छ ।

३. संघिय लोकतान्त्रिक गणतन्त्र नेपालमा शुसाशन र सेवा प्रबाहलाई छिटो चुस्त सेवाग्राहीको घर नजिक र उनीहरुकै संलग्नतामा गर्न गराउने गरि आबश्यक कार्यहरु गर्न गराउन यस मुड्केचुला गाउपालिकाको आ.ब. २०७७।०७८ मा ७ वटा वडा कार्यालय भवनहरु निर्माण भै स्रचालनमा आएको र बाकी रहेको वडा न. ५ को वडा कार्यालय भवनको आर्थिक बर्ष २०७८।०७९ भित्र निर्माण गरि कार्यालय ब्यबस्थापनलाई प्रभाबकारी बनाउन प्राविधिक ईष्टिमेट र योजनाका आधारमा खर्च ब्यहोर्ने गरि रु २४ लाख वजेट विनियोजन गरिएको छ । साथै निर्माण भै सम्पन्न भएका वडा कार्यालयहरुको संचालन तथा ब्यबस्थापनको लागि आबश्यक पर्ने रकम बिनियोजन गरिएको छ ।

४ नेपाल मै राष्ट्रिय सडक सन्जालबाट जोडिन नसकोको हुम्ला र डोल्पा मध्ये डोल्पा जिल्लाको मुड्केचुला गाउपालिका पनि अछुतो नरहेको वर्तमान सन्दर्भलाई परिलीक्षत गरि यस गाउपालिका र कर्णाली प्रदेश सरकार सुर्खेतको सहयोगमा समपुरक अनुदान श्रोतबाट ब्यहोर्नेगरि सर्मीघुरेली मोटरबाटोलाइ निरन्तरता दिदै रातापानी देखि होर्तखोला हुदै होर्तगाउसम्म मोटरबाटो निर्माणको लागि आबश्यक बजेट बिनियोजन गरि यसै आ.ब.मा सम्पन्न गरिने छ ।
५. संघिय सरकारको अनुदानमा यस गाउपालिकाको तल्लो नर्कुमा डिपिआर समेत भै सकेको पाचशैया अस्पतालको निर्माण कार्य पनि यसै आ.ब.मा सम्पन्न गर्ने गटेन्डर आब्हान गरनि छ ।

## *सुचना प्रविधि, संन्चार र मोवाईल टावर :*

आधुनिक सुचना प्रविधिको आधारमा विश्व समुदायसग यस गाउँपालिकालाई जोड्न, ज्ञानको भण्डार विकास गर्न, सेवा प्रबाहलाइ छिटो छरितो गरि शुसान कायम गर्न यस गााउपालिकाको टेलीफोन सेवा मार्फत छिटै 4G सेवा स्रचालन गर्ने उद्देश्यका साथ हामी लागी पर्ने कुरा जानकारी गराउदै यस गाउपालिकमा रहेका ३ वटै एन.टि.सी. टावर घर लगाएत त्यहा रहेका मेसिन सामाग्रीहरुको सुरक्षा गरि दिर्घकालिन रुपसम्म सेवा संचालन गर्न घेराबारका लागि यस आ.ब.मा रु ८ लाख रुपैया बजेट बिनियोजन गरिएको छ । साथै बिगत बर्षदेखि यस गाउपालिकाले संचालनमा ल्याएको मुडकेचुला एफएम ९३.५ मेगाहर्जलाई सबै वडाहरु तथा बस्ती स्तरसम्म प्रसारण गरि सुन्ने बनाउनका लागि यस आ.ब.मा रु १२ लाख रुपैया एफ.एम. रिपिटर टावरको लागि वजेट विनियोजन गरिएको छ भने यस गाउपालिकामा संचालनमा आएको वल्डलिंक ईन्टरनेट सेवाको स्तरबृदी गरि सेवा प्रबाह कार्यलाइ छिट,ो छरितो, चुस्त, दुरुस्त बनाउनका लागि रु १० लाख रुपैया बिनियोजन गरिएको छ । माथि उल्लेखित सबै कार्यहरु यसै आर्थिक बर्षभित्र सम्पन्न गरिनेछ ।

## *कर्मचारी बृती बिकास*

यस मुड्केचुला गाउँपालिकामा रहेका स्थायी कर्मचारीको अबकास र उपदानको लागि आबश्यक रकम यस आ.ब.मा बिनियोजन गरिएको छ ।

## *गुणस्तीय विधालय शिक्षा*

संघिय सरकाले सबैककालागि क्षिक्षा महान लक्ष्य परिपुर्ती गर्न समुदायमा जनाएको प्रतिवद्धता र नेपालको संविधान तथा नीति कार्यक्रम मार्फत विधालय क्षेत्र विकास कार्यक्रम मुख्यगरि विद्यालय शिक्षामा सबै बालबालिकाको पहुच गुणस्तरीय क्षिक्षा र संस्थागत

क्षमताको विकासमा परिलक्ष्यहरु पुरागर्न संघिय प्रादेशिक एवं मुड्केचुला गााउपालिकाको प्राथमिकतामा परेका निम्न शैक्षिक गुणस्तरका कार्यहरु अगााडि बढाइनेछ ।

- शिक्षा संकाय तर्फको कक्षा ११ र १२ को पढाई संचालन गर्नको लागि श्री मालिका मावि नर्कुलाई अनुमति दिइनेछ । यसको संचालन र ब्यसस्थापन समेतगरि जनताको घर आगन मै उच्च क्षिक्षा उपलब्ध गराई दक्ष जनशक्ती उत्पादन गर्ने उद्देश्यले यस आ.ब.मा आश्यक रकम पर्ने बजेट बिनियोजन गरिएको छ ।
- यस गाउँपालिकाको क्षेत्र भित्र रहेका तीन वटा माध्यामिक बिद्यालयका लेखा सहायकहरुको आत्मबल बृदी गरि उनीहरुले दिदै आएको सेवा प्रबाहलाई अझ छिटोछरितो र चुस्तदुरुस्त ढंबाट सेवा प्रबाहहोस भन्ने ध्येयले मासिक रु ७ हजारका दरले एकमुष्ठ रु २ लाख ७३ हजार रुपैया तलब स्वरुप वजेट बिनियोजन गरिएको छ भने बिद्यालयमा कार्यरत मा.बि तहका कार्यालय सहयोगिलाई रु २ हजार ५ सय, नि.मा.बि. तहका कार्यालय सहयोगिलाई रु २ हजार र प्रा. बि. तहका कार्यालय सहयोगिहरुलाई रु १ हजार ५ सयका दरले एकमुष्ठ रु ३ लाख ३१ हजार ५ सय रुपैया प्रोत्साहन भत्ताको ब्यबस्था गरिएको छ ।

## *सार्वजनिक निजी साझेदार :*

यस गाउपालिकाले गत आर्थिक वर्षबाट शुरु गरेका कार्यक्रमको निरन्तरता दिदै सार्वजनिक निजी साझादारिमा निम्न अनुसारका कार्यहरु गरिनेछ ,

- छहरे खोला लघुजलविधुत आयोजनालाइ आ.ब. २०७७।७८ देखि यसै गाउपालिका माताहतबाट संचाललन गदै आएको कुरा जानकारी गराउदै यस लघु जलबिधुत आयोजनाको मर्मत संभार कार्यको लागि यसआ.ब.मा रु. ७ लाख रुपैया बजेट बिनियोजन गरिएको छ भने यसको स्तरबृदी राजस्व संकलन, र लक्षितबर्गलाइ सहुलियत प्रदान गर्ने कार्यक्रमको निरन्तरता दिइनेछ ।
- यस गाउपालिकाको वडा नं १,२, ३, ७, ८ र ९ का जनताहरु बिधुत सेवाबाट बञ्चित भएको हुदा उनीहरुको बिधुत उपभोग गर्न पाउने नैसर्गिक अधिकाराई सुनिश्चित गर्न बिधुतको बैकल्पीक रुपमा प्रति घर एक एक थान सोलारको ब्यबस्थाप गर्न यस आ.ब.मा रु ८० लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- यस गाउपालिकामा परम्परागत रुपमा खेती गदै आएको तोरी र सुर्यमुखी फुल बाट प्रसोधन गरि तेल उत्पादन गर्ने उद्देश्यले गाउपालिकाको आ.ब. २०७७।०७८ को अनुदान बाट तेल उत्पादन तथा प्रसोधन मेसिनको स्थापना गरेको जानकारी गराउदै यसलाइ निरन्तरता दिन र यसको आबश्यक कच्चा पदार्थ खरिद तथा प्याकेजिङ गरि स्थानीय स्तरबाटै तेल उपभोगको समस्यालाई समाधान गर्न यस आ.ब.मा रु १० लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- यस मुड्केचुला गाउपालिका सदरमुकाम देखि धेरै टाढा भै यहाका जनताले नेपाली नागरिकताको प्रमाण पत्र , मतदाता परिचय पत्र लगाएत भुमी सम्बन्धि कारोवार गर्न दुई दिन लगाएर सदरमुकाम दुनैमा जानुपर्ने साथै खर्च पनि धेरैहुने कुरामा यहाहरु सबै अबगत नै हुनुहुन्छ । तसर्थ यस्ता समस्याहरुलाई समाधान गर्न गाउपालिकामा नै शिविर संचालन गरि नया नेपाली नागरिकताको प्रमाण पत्र, मतदाता परिचय पत्र लगाएत भुमी सम्बन्धि कारोवार गर्न यस आ.ब.मा रु १५ लाख रुपैया बजेट बिनयोजन गरिएको छ ।
- यस गाउपालिमा रहेको परम्परागत रितीरिवाज, धर्म, सस्कृतीलाई आदिलाई जोगाउनका निम्ति यस आ.ब. मा रु ५ लाख रुपैया परम्परागत बाजा खरिदको लागि बिनियोजन गरिएको छ ।
- यस गाउपालिका सबै वडाहरुमा रही सामान्यरुपमा मातृशिशुको र प्रथामिक उपचारका क्रममा सेवा प्रबाह गदै आउनु भएका महिला स्वास्थ्य स्वयम सेविकाहरुको आत्मबल बृदी गरि उनीहरुले प्रदान गदै आएको सेवा प्रबाहलाइ छिटोछरितो र चुस्तदुरुस्त गर्ने ध्येयले यस आ.ब.मा महिला स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन भत्ताको लागि रु ३ लाख २४ हजार रुपैया बजेट बिनियोजन गरिएको छ ।
- यस गाउपालिकामा विपन्न गरिब, दलित जातीहरु लागएत दैबिप्रकोप जस्ता अकल्पनीय घटनाहरुलाई मध्य नजर गदै यसबाट पिडित जनताहरुलाई थोरै भए पनि राहत दिइ उनीहरुको चर्याई रहेको घाउमा मलमपट्टी लगाउने ध्येयले यस आ.ब.मा राहतको लागि रु २० लाख रुपैया बजेट बिनियोजन गरएिको छ ।
- यस गाउपालिकामा रहेका आम जनताहरुलाई सुरक्षाको प्रत्याभुती दिलाउने उद्देश्यले नेपाल सरकारले स्थापना गरेको प्रहरि चौकी कालिका, सर्मी, ईल र अस्थाई प्रहरि चौकी नर्कुलाई ब्यबस्थापन गर्न यस आ.ब. मा रु. ५ लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- नेपाल सरकारले अबलम्बन गदै आएको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिलाई आत्मसात गदै यस गाउपालिकामा रहेका लक्षित वर्गहरुलाई जनचेतनामुलक कार्यक्रम मार्फत सु सुचित गर्ने उद्देश्यले यस आ.ब.मा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण जनचेतनामुलक कार्यक्रमका लागि रु ५ लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- यस गाउपालिकामा बि.स. २०७४ साल जेष्ठ ३१ गतेको स्थानीय तहको निर्बाचन मार्फत निर्बाचित पदाधिकारी लगाएत सरुवा भै आउने र जाने कर्मचारीहरुको लागि स्वागत एवं बिदाई कार्यक्रमको लागि रु ४ लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।

- संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति दश बर्षे शसस्त्र द्वन्दमा आफ्नो ज्यानको आहुती दिनुहुने महान शहिदका परिवारहरुलाई सम्मान स्वरुप एकुष्ठ रु ३ लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- यस मुड्केचुला गाउपालिकामा ब्यबसायिक रुपमा फलामको आरन सम्बन्धि काम गर्ने उद्यमी ब्यबसायीहरुलाई आधुनिक ढंगबाट ब्यबसाय संचालन गरि आत्मनिर्भर तर्फ अभिप्रेरित गर्ने उद्देश्यले आरन सम्बन्धि सामाग्री खरिद गर्न यस आ.ब.मा रु ५ लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- हाल यस गाउापालिकाले बिगत बर्षदेखि संचालनमा ल्याएको रेडियो मुड्केचुला एफ.एम. ९३ थोप्लो ५ मेगाहर्ज रहेको भवनमा शौचालय निर्माणका तथा अन्य आबश्यक कार्य गर्नका लागि रु ५ लाख रुपैया बजेट बिनियोजन गरिएको छ ।
- नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम २ अन्तर्गत यस गाउपालिकाको वडा नं १ देखि ३ कालिकामा बृहतखानेपानी लाइ निरन्तरता दिइने छ साथै वडा नं ७ सर्मीमा रहेको नुनेगाड लघुजलबिधुत आयोजनालाइ पनि निरन्तरता दिदै यस आ.ब.भित्र दुबै आयोजनाहरु सम्पन्न गर्न आबश्यक वजेट बिनियोजन गरिएको छ ।
- गरिवी निवारणका लागि लघु उधम बिकास कार्यक्रम संचालनका लागि यस आ.ब.मा यस गाउपालिकाको वडा नं ८ र ९ मा कार्यक्रम कार्यन्वयनमा ल्याइने छ । जसको लागि संघिय सरकारबाट प्राप्त बजेटको अधिनमा रहि कार्यक्रम संचालन गरिने छ ।
- कर्णाली प्रदेश सरकारको अनुदानमा एकिकृत बस्ती बिस्तार कार्यक्रम अन्तर्गत यस गाउपालिकाको वडा नं १ कालिकामा यस आ.ब.मा सम्पन्न गर्नेगरि कार्यक्रम लागु गरिने छ । यसको लागि प्रदेश सरकारले आबश्यक रकम बिनियोजन गरे बमोजिम हुनेछ ।

## *विपन्न एबं गरिव लक्षित कार्यक्रम*

नेपाल सरकारको प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित हुने रोजगार प्रबर्धन कार्यहरुमा यस्ता विपन्न तथा गरिब नागरिकको सहभागितालाई सुनिश्चित गरिनेछ ।

## *रोजगारी र आयआर्जन कार्यक्रम*

यस गाउपालिका भित्र रहेका बेरोजगार युवाहरुलाई स्वरोजगार श्रृजना गर्न नेपाल सरकार प्रधानमन्त्री र मुख्यमन्त्री स्वरोजगार कार्यक्रम मार्फत देहाएका कार्यहरु संचालन गरिनेछन,

- गाउपालिकामा दर्ता भएका बेरोजगार ब्यक्तीहरूलाई न्युनतम रोजगारीको प्रत्याभुतीको लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सगै सामाजिक संरक्षणको प्रत्याभुती गराइनेछ ।
- जनताहरूलाइ घरूदैलो मै गै सेवा प्रबाह गर्ने उद्देश्यले प्रत्येक वडामा गै बेरोजगारी ब्यक्तीहरुको बिरण रोजगार सुचना प्रणालीमा प्रबिष्टी गर्न दर्ता शिबिर संचालन गरिनेछ ।
- सुचीकृत बेरोजगार ब्उक्तीहरुलाई कार्यक्रम सम्बन्धि जानकारी गराइ उनीहरु मार्फत संचालन हुने आयोजनाहरुको दिगोपनामा जोड दिनका लागि प्रत्येक वडामा गै सुचीकृत बेरोजगारहरुलाई एक दिने कार्यक्रम सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरनिं छ ।
- दक्ष तथा सक्षम जनशक्तीको विकास गरि आन्तरिक रोजगारीको प्रवर्धन गर्न आबश्यक सिपमुलक तालिमको पहिचान गरि सुचीकृत बेरोजगार ईच्छुक ब्यक्तीहरूलाई ५० दिनको सिपमुलक तालिम र ५० दिन सामुदायिक आयोजनाहरूमा काममा लागाई नगद भुक्तानी गरिनेछ ।
- संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गदै रोजगारीको क्षैंत्र बिस्तार गरिनेछ ।
- आन्तरिक रोजगारी श्रृजना गर्न सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रसग समन्वय गरि कार्यन्वयनमा जोड दिईनेछ ।
- युबा तथा शैक्षिक बेरोजगारीलाई प्राथामिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न युबा उद्यमीलाई प्रोत्साहित गरिनेछ ।
- श्रम सम्बन्धलाई प्राथामिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषी, ब्यबसायिक, उद्योग लगाएत बित्तीय क्षेत्रको विकास मार्फत रोजगारी श्रृजना गरिनेछ ।

- छनौट भै काममा खटिने कामदारहरूको ब्यक्तीगत बैंक खाता संचालन गरि उनीहरूले पाउने पारिश्रमिक सोझै बैंकखातामा जम्मा गरि आर्थिक पारदर्शिमा जोड दिइनेछ ।

## तत्थ्यांक ब्यबस्थापन

- सुचना ब्यबस्थापन प्रणाली (एम आइ एस) सुत्र  शैक्षिक सुचना ब्यबस्थापन प्रणाली, एल एम बि आइएस , सि ग्यास, एच एम आइ एस आदिद्धारा ब्यबस्थीत गरि सुचनााइ पारर्शी बनाइ गाउपालिकाको कार्यालयका सबै किसिमका कार्यक्रम सुचना तत्थयांक पारदर्शी बनाइनेछ र मागेको बेलामा सेवाग्राहीलाई उपलब्ध गारइनेछ ।

## • न्यायिक समिति

- यस मुड्केचुला गाउपालिकाको न्यायिक समिति अन्तर्गत रहेका ९ वटै वडाका मेलमिलाप समितिका पदाधिकारीहरूलाई न्याय सम्पादन सम्बन्धि तालिम स्रचालन गर्नका निम्ति यस आ.ब.मा रू १ लाख पैसठ्ठी हजार रूपैया बजेट बिनियोजन गरएिको छ ।
- यस गाउपालिकामा रहेका दलित जाती विषेशलाई रोजगारी श्रृजना गर्न छालाजुत्ता निर्माण कार्य गदै आएका छालाजुत्ता उधमी ब्यबसायीलाई सोको सामाग्री खरिदका लागि यस आ.ब.मा रू ५ लाख रूपैया बजेट बिनियोजन गरिएको छ ।
- यसबाट गाउपालिका स्तरमा नै छाला जुत्ताको बनाउने कार्यको थालनी भै आम नागरिकले यसको उपभोग गर्न पाउने छन् ।

## जेष्ठ नागरिक सम्मान कार्यक्रम

यस गाउपालिका भित्र रहेका आदर्णिय जेष्ठ नागरिकहरूलाई सम्मान गर्न र तिनको सिप क्षमता, अनुभबको हौसाल प्रदान गर्न जेष्ठ नागरिक सम्मान कार्उक्रम स्वरूप रू ३ लाख रूपैया वजेट विनियोजन गरिएको छ ।

## आ.ब.२०७८।०७९ को कुल वजेटको आकार

- यि सबै प्रकारको समानीकरण अनुदान, ससर्त अनुदान, समपुरक अनुदान, विषेश अनुदान र राजस्व गरेर आर्थिक वर्ष २०७८।०७९ को कुल बजेट ३६ करोड ३० लाख ९८ हजार रूपैया अनुमान गरिएको छ ।

धन्यवाद

# मुड्केचुला गाउँपालिकाको आर्थिक ऐन

मुड्केचुला गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना मुड्केचुला गाउापालिकाको आर्थिक बर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावकलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम मुड्केचुला गाउासभाले ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो ऐनको नाम "आर्थिक ऐन ,२०७८" रहेको छ ।

(२)यो ऐन २०७८ सालको साउन १ गतेबाट मुड्केचुला गाउापालिका क्षेत्रमा लागु भएको छ।

२.**सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमि कर** : गाउँपालिका क्षेत्रभित्र अनसचि (२) बमोजिम भुमि कर लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी परै आशिंक तवाले दिएकोमा अनसचि (३) बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५.**व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनसचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६.**जडिबुटी,कवाडी र जन्यजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाल उन ,खोटो ,बनकस ,कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकको मृत वा मारिएका जीवजन्तुको हाड,सिङ्ग,प्वााख ,छाला जस्ता वस्तुको कारोवार गरेवापत अनसचि (५) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७.**सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनसचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८.**विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनसचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९.**मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन मा अनसचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निमार्ण,रेखदेख वा संचालन गरेका अनसचि ( ९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ।

११.**पाकिङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ सुविधा उपल्वध गराए वापत अनसचि (१०) बमोजिम पाकिङ शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्याफटिङ्गशुल्क** : गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग,कोयोकिङ्ग,क्योइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्याफटिङ्ग व्यवसाय संचालन गरेवापत अनसचि (११) बमोजिम शुल्क कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर** : गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसुचि ( १२) मा उल्लेखित स्थानिय पुर्वाधार र उपल्वध गराइएको सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भएअनुसार सेवा शुल्क दस्तुर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** : गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनसचि (१३) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ र लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५.**कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिइने छैन ।

१६.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि** :यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गााउपालिकाले तोके अनुसार हुनेछ ।

सभाबाट स्वीकृत मिति:२०७८।०५।१८

## मुड्केचुला गाउँपालिकामा आ व २०७८।०७९बाट लागु हुने कर तथा दस्तुरहरु

| सि.न | कार्यालय/शाखा कार्यालय/वडा कार्यालयबाट विभिन्न सिफारिस | दस्तुर(रकम रु) |
|---|---|---|
| १ | व्यवसाय सुचिकृत | १००/- |
| २ | व्यवसाय नविकरण | ५००/- |
| ३ | टेक्कापट्टा ईजाजत दर्ता (नयाँ) | १०००/- |
| ४ | टेक्कापट्टा ईजाजत दर्ता (प्रमाणपत्र) | १५००/- |
| ५ | टेक्कापट्टा ईजाजत नविकरण | १५००/- |
| ६ | व्यवसाय सुचिकृत प्रतिलिपी | १०००/- |
| ७ | टेक्कापट्टा ईजाजत दर्ता प्रतिलिपी | १०००/- |
| ८ | विभिन्न प्रकारका समुहहरु प्रमाणपत्रहरु | १०००/- |
| ९ | विभिन्न प्रकारका प्रमाणपत्रहरुको प्रतिलिपी | १०००/- |
| १० | घर जग्गा नामसारी सिफारिस | १००/- |
| ११ | घर कायम सिफारिस | १००/- |
| १२ | छात्रबृत्ति सिफारिस | १००/- |
| १३ | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | १००/- |
| १४ | अपाङ्ग सिफारिस | १००/- |
| १५ | अस्थाई बसोबास सिफारिस | १००/- |
| १६ | स्थायी बसोबास सिफारिस | ५००/- |
| १७ | नगारिकता सिफारिस | १००/- |
| १८ | नगारिकता प्रतिलिपि सिफारिस | २००/- |
| १९ | अंगिकृत नागरिकता सिफारिस | २००/- |
| २० | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १.००% |
| २१ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १००/- |
| २२ | विद्युत जडान सिफारिस | १५०/- |
| २३ | धारा जडान सिफारिस | १५०/- |
| २४ | जिवित रहेको सिफारिस | १००/- |
| २५ | दुवै नाम गरेको ब्यक्ति एकै हो भन्ने सिफारिस/फरक जन्म मिति संशोधन सिफारिस | १००/- |
| २६ | ब्यवसाय बन्द सिफारिस | १५०/- |
| २७ | जग्गा मूल्याङकन सिफारिस/प्रमाणित | ५००/- |
| २८ | ब्यापार-ब्यवसाय नभएको सिफारिस | १००/- |

| | | |
|---|---|---|
| २९ | कोर्ट फिमिनाहा  सिफारिस | ०/- |
| ३० | नवालक परिचयपत्र  सिफारिस | १०० /- |
| ३१ | चौपाय निकासी सम्वन्धी  सिफारिस(प्रति गोटा) | २००/- |
| ३२ | ब्यवसाय दर्ता सिफारिस | ५००/- |
| ३३ | उद्योग ठाउंसारी  सिफारिस | ५००/- |
| ३४ | निजी विद्यालय ठाउंसारी सिफारिस | १०००/- |
| ३५ | आन्तरिक बसाई सराई सिफारिस | २००/- |
| ३६ | आन्तरिक बसाई सराई सिफारिस(प्रतिलपी) | ५००/- |
| ३७ | निजी विद्यालय सञ्चालन स्वीकृत/कक्षा बृद्धि सिफारिस | १०००/- |
| ३८ | ब्यक्तिगत विवरण सिफारिस | १००/- |
| ३९ | जग्गा दर्ता सिफारिस | १००/- |
| ४० | संरक्षक सिफारिस ब्यक्तिगत | १००/- |
| ४१ | संरक्षक सिफारिस संस्थागत | २००/- |
| ४२ | नेपालसरकारको नाममा बाटो कायम सिफारिस | **निशुल्क** |
| ४३ | जिवित सँगको नाता प्रमाणित | १५०/- |
| ४४ | मृतक सँगको नाता प्रमाणित | १५०/- |
| ४५ | कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | १००/- |
| ४६ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | १००/- |
| ४७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २००/- |
| ४८ | संस्था दर्ता सिफारिस | ५००/- |
| ४९ | घर बाटो प्रमाणित | ३००/- |
| ५० | चार किल्ला प्रमाणित | ५००/- |
| ५१ | जन्म मिति प्रमाणित | २००/- |
| ५२ | विवाह प्रमाणित | १००/- |
| ५३ | घर पाताल प्रमाणित | १००/- |
| ५४ | कागज/मञ्जुरीनामा प्रमाणित | १००/- |
| ५५ | हकवाला वा हकदार प्रमाणित | १००/- |
| ५६ | अविवाहित प्रमाणित | १००/- |
| ५७ | जग्गा रेखांकनको कार्य/सो कार्यमा रोहबर | १००/- |
| ५८ | जग्गा धनीपूर्जा हराएको सिफारिस | २००/- |
| ५९ | पुर्जामा  घरकायम गर्ने सिफारिस | २००/- |
| ६० | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५००/- |
| ६१ | मिलापत्र कागज/ उजुरी दर्ता | १०००/- |
| ६२ | एकिकृत सम्पत्ति कर/घर जग्गा कर | |

| | | |
|---|---|---|
| ६३ | बहाल कर | **१०.००%** |
| ६४ | विज्ञापन कर | **१५.००%** |
| ६५ | मालपोत वा भूमीकर(प्रति रोपनी) | **२५.००/-** |
| ६६ | जन्म दर्ता | **२००/-** |
| ६७ | जन्म दर्ता (प्रतिलिपी) | **५००/-** |
| ६८ | मृत्यु दर्ता | **२००/-** |
| ६९ | बसाई-सराईजाने/आउने दर्ता | **२००/-** |
| ७० | सम्बन्ध विच्छेद दर्ता | **२००/-** |
| ७१ | विवाह दर्ता | **२००/-** |
| ७२ | नयां व्यवसाय दर्ता | **५००/-** |
| ७३ | व्यवसाय नवीकरण | **२००/-** |
| ७४ | नाता प्रमाणित | **५००/-** |
| ७६ | वन पैदावर सम्वन्धी राजश्व | |
| **७६.क** | जटामसी(प्रति के.जी.) | **५.००** |
| **७६.ख** | सेतो चिनी(प्रति के.जी.) | **५.००** |
| **७६.ग** | चिरैतो (प्रति के.जी.) | **१०.००** |
| **७६.घ** | रातो च्याउ(प्रति के.जी.) | **५००/-** |
| **७६.ङ** | गुच्छी च्याउ(प्रति के.जी.) | **१०००/-** |
| **७६.च** | समायो (प्रति के.जी.) | **५.००** |
| **७६.छ** | कुटकी(प्रति के.जी.) | **१०.००** |
| **७६.ज** | कुरिलो (प्रति के.जी.) | **५००/-** |
| **७६.झ** | काला दाना(प्रति के.जी.) | **५००/-** |
| ८६ | ब्यवसाय सञ्चालन नभएको सिफारिस | **१००/-** |
| ८७ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसारका सिफारिस/प्रमाणितहरु | **कार्यपालिकाको निर्णय बमोजिम** |

## मुड्केचुला गाउँपालिकाको विनियोजन ऐन,२०७८

### मुड्केचुला गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:**मुड्केचुला गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मुड्केचुला गाउँसभाले मिति २०७६।०३।१५ मा यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ: (१)**यस ऐनको नाम " मुड्केचुला गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथी उल्लिखित चालू खर्च, पूजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी सशर्त तर्फको बजेट रकम बाहेक जम्मा रकम नौ करोड एकाउन्न लाख रुपैया मात्र (रु.९,५१,००,०००/-) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त मुड्केचुला गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साावा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन

तर चालु तथा पूजिगत खर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**
**(दफा-२ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चित कोषबाट विनियोजन**

**मुड्केचुला गाउँपालिकाको बजेट विनियोजन :-**

| सि.नं | शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका समानिकरण तर्फ | ९२६७१०००/- | आ.व २०७७०७८ मा समानिकरणको बजेट खर्च गर्न बाकी रहेको रकम समावेश गरिएको । |
| २. | गाउँपालिका चालुतर्फ | २४८२४१०००/- | |
| ३. | आन्तरिक श्रोत | २२१८६०००/- | **गत बर्षको अ.ल्या. समेत** |
| **कुल जम्मा** | | ३६,३०,९८,०००/- | |

# अनुसूची- १

(दिग्दर्शनको दफा ५.१.१ संग सम्बन्धित)

आय तथा व्ययको प्रक्षेपण

आ.व.२०७८।०७९

| **शीर्षक** | | **आ.व.०७६/०७७ को यथार्थ** | **आ.व.०७७/०७८ को संशोधित अनुमान** | **आ.व.०७८/०७९ को अनुमान** |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| १ | **आन्तरिक राजस्वः** | **३२४९३८०/-** | | १३०००००/- |
| १.१ | एकीकृत सम्पत्ती कर | | | |
| १.२ | घरजग्गा बहाल कर | ११४५१४/- | | |
| १.३ | व्यवसाय कर | | | |
| १.४ | बहाल विटौरी शुल्क | | | |
| १.५ | पार्किङ शुल्क | | | |
| १.६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | | | |
| १.७ | सेवा शुल्क | | | |
| १.७ | भुमि/मालपोत | | | |
| १.८ | खुद सम्पतिमा लाग्ने कर | | | |
| १.९ | व्यवसाय रजिष्ट्रेशन दस्तुर सहकारी | १८५००/- | | |
| १.१० | कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | |
| १.११ | कृषि तथा पशुजन्य बस्तुको लागि व्यवसायिक कारोवारमा लाग्ने कर | | ६५००/- | |
| १.१२ | परिक्षा दस्तुर | ३३०००/- | १९५००/- | |

| | | | | |
|---|---|---|---|---|
| १.१३ | टेन्डर विक्रीबाट | २५८०००/- | २२४०००/- | |
| १.१४ | सिफारिस दस्तुर | ३३५००/- | ६६००/- | |
| १.१५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४०७८०/- | २९०६३५/- | |
| १.१६ | अन्य दस्तुर | २७५१०८६/- | २८४९२८/- | |
| **२** | **राजस्व बाँडफाँडः** | | | |
| २.१ | मूल्य अभिवृद्दि कर तथा अन्त: शुल्क | **२६०१२०००**/- | | ४५१४१०००/- |
| २.२ | प्राकृतिक स्रोतको रोयल्टी | | | |
| २.२.१ | पर्वतारोहण | | | |
| २.२.२ | विध्युत | | | |
| २.२.३ | वन | | | |
| २.२.४ | खानी तथा खनिज | | | |
| २.२.५ | पानी तथा अन्य प्राकृतिक स्रोत | | | |
| **३** | **वित्तीय हस्तान्तरण** | | | |
| ३.१ | **नेपाल सरकारबाट प्राप्त हुने अनुदानः** | | | |
| ३.१.१ | वित्तीय समानीकरण अनुदान | ५०९४००००/- | ६६१००००००/- | ६८५००००००/- |
| ३.१.२ | सशर्त अनुदान | ९७७८६०००/- | १७१११००००/- | १५००१४०००/- |
| ३.१.३ | समपूरक अनुदान | | ४८०००००/- | ६२०००००/- |
| ३.१.४ | विशेष अनुदान | | ५००००००/- | १२६००००००/- |
| ३.२ | **प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः** | | | |
| ३.२.१ | वित्तीय समानीकरण अनुदान | ७६८५०००/- | १०१२५०००/- | ६२७१०००/- |
| ३.२.२ | सशर्त अनुदान | ४६०५०००/- | ५००००००/- | १५५००००० |
| ३.२.३ | समपूरक अनुदान | | १४००००००/- | ११००००००/- |
| ३.२.४ | विशेष अनुदान | २३३५०००/- | ४००००००/- | ३५०००००/- |
| **४** | **प्रदेश राजश्व** | १९३३५/- | ९४०००/- | |

आ.व. २०७८।०७९ को बार्षिक वजेट

**समानिकरण अनुदान तर्फः८,९१,१४०९८/-**

| सि न | बजेट वाडफाड विवरण | रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | तेल उत्पादन खरिद तथा प्याकेजिङ्ग | १०००००० | संघिय समानिकरण | |
| २ | खेलकुद कार्यक्रम | ५००००० | संघिय समानिकरण | |
| ३ | अन्य भ्रमण खर्च | ३००००० | संघिय समानिकरण | |
| ४ | विविध खर्च | ७००००० | संघिय समानिकरण | |
| ५ | वाजा खरिद | ५००००० | संघिय समानिकरण | |
| ६ | महिला स्वास्थ्य सेवा प्रोत्साहन भत्ता | ३२४००० | संघिय समानिकरण | |
| ७ | जेष्ठ नागरिक सम्मान | ३००००० | संघिय समानिकरण | |
| ८ | एफ एम रिपिटर टावर संचालन | १२००००० | संघिय समानिकरण | |
| ९ | कोभिड १९ व्यवस्थापन | १०००००० | संघिय समानिकरण | |
| १० | राहत | २०००००० | संघिय समानिकरण | |
| ११ | वडा नं १,२,३,७,८ र ९ सोलार वितरण | ८०००००० | संघिय समानिकरण | |
| १२ | एन.टि.सि. टावर घेरावार (प्यारी र पातिहाल्ना ) | ४००००० | संघिय समानिकरण | |
| १३ | एन.टि.सि. टावर घेरावार (ओक्ट) | ४००००० | संघिय समानिकरण | |
| १४ | प्रहरी चौकी व्यवस्थापन | ५००००० | संघिय समानिकरण | |
| १५ | छहरे खोला जलविधुत आयोजना मर्मत तथा विस्तार | ७००००० | संघिय समानिकरण | |
| १६ | सहिद परिवार प्रोत्साहन | ३००००० | संघिय समानिकरण | |
| १७ | मालिका मा.वि.मा +2 संचालन | ८००००० | संघिय समानिकरण | |
| १८ | एफ.एम.मा शौचालय निर्माण तथा मर्मत | ५००००० | संघिय समानिकरण | |
| १९ | गाउँपालिकामा नेट विस्तार | १०००००० | संघिय समानिकरण | |
| २० | ५ नं वडा कार्यालय निर्माण | २४००००० | संघिय समानिकरण | |
| २१ | आरण सामाग्री खरिद | ५००००० | संघिय समानिकरण | |
| २२ | जुत्ता सिलाई कटाई समाग्री खरिद | ५००००० | संघिय समानिकरण | |
| २३ | लैङ्गिक समानता सम्वन्धी जनचेतना मुलक कार्यक्रम | ५००००० | संघिय समानिकरण | |
| २४ | सूचना प्रविधि अधिकृतको तलव भत्ता | ३५०००० | संघिय समानिकरण | |
| २५ | पदाधिकारीहरुको पारिश्रमिक | १५७१४००० | संघिय समानिकरण | |
| २६ | म्याचिङ्ग फण्ड | ८७२९००० | संघिय समानिकरण | |
| २७ | करार कर्मचारीको तलव | ९९००००० | संघिय समानिकरण | |
| २८ | विविध खर्च | ६००००० | संघिय समानिकरण | |
| २९ | एम आई एस शाखाको एक चौमासिक  तलव | ३८०००० | संघिय समानिकरण | |

| | | | | |
|---|---|---|---|---|
| ३० | विद्यालयका कार्यलय सहयोगीहरुलाई प्रोत्साहन भत्ता(मावि २५००,निमावि २००० र प्रावि १५००) | ३३१५०० | संघिय समानिकरण | |
| ३१ | विद्यालयका लेखा सहायकको थप पारिश्रमिक (३ जनालाई ७०००) थप | २७३००० | संघिय समानिकरण | |
| ३२ | ECD का कर्मचारीहरुको थप पारिश्रमिक | १६३८००० | संघिय समानिकरण | |
| ३३ | समावेशी अपाङग सेवा समिती सहायता सामाग्री खरिद | २००००० | संघिय समानिकरण | |
| ३४ | नारी दिवस कार्यक्रम | ५०००० | संघिय समानिकरण | |
| ३५ | आ व २०७८/०७९को वजेट वाचन प्रोत्साहन भत्ता | ५०००० | संघिय समानिकरण | |
| ३६ | कृषि शाखा कार्यालय | २०००००० | संघिय समानिकरण | |
| ३७ | स्वास्थ्य शाखा | १५००००० | संघिय समानिकरण | |
| ३८ | पशु शाखा कार्यालय | ७००००० | संघिय समानिकरण | |
| ३९ | प्रधानमन्त्री रोजगार प्रेत्साहन भत्ता | १०५०० | संघिय समानिकरण | |
| ४० | सुचना तथा सञ्चार प्रविधि शाखाको तालिम तथा सफ्टवेयर खरिद तथा व्यवस्थापन | ७५०००० | संघिय समानिकरण | |
| ४१ | औल साघु झार टुईन मर्मत वडा नं १ मा | १००००० | संघिय समानिकरण | |
| ४२ | नवज्योती आ वि नेट विस्तार वडा नं ३ मा | ५०००० | संघिय समानिकरण | |
| ४३ | महादेव थान फिल्ड निर्माण वडा नं ७ | १००००० | संघिय समानिकरण | |
| ४४ | कालिका मन्दिर घेरावार वडा नं ८ | २००००० | संघिय समानिकरण | |
| ४५ | डाडा औतारी मन्दिर निर्माण वडा नं ९ | ३५०००० | संघिय समानिकरण | |
| ४६ | खेलकुद सामाग्री खरिद वडा नं ४ | २००००० | संघिय समानिकरण | |
| | **जम्मा** | **६८५०००००** | | |
| **१** | **समपुरक कोष** | **६२७१०००** | **प्रदेश समानिकरण** | |
| १ | मण्डलि भुईयार मन्दिर निर्माण प्रताप टोल वडा नं १ | २००००० | आन्तरिक श्रोत | |
| २ | रामचुला तथा ओदान देउता मन्दिर मर्मत भोटगाउँ वडा नं १ | २००००० | आन्तरिक श्रोत | |
| ३ | मष्टा र देविमाई मन्दिर मर्मत वडा नं १ | १००००० | आन्तरिक श्रोत | |
| ४ | बाईगाउँ खानेपानी मर्मत वडा नं १ | १००००० | आन्तरिक श्रोत | |
| ५ | पले ढुङ्गा स्याउ घेरावार वडा नं २ | १७५००० | आन्तरिक श्रोत | |
| ६ | जन कलाकारलाई ड्रेस खरिद वडा नं २ | १७५००० | आन्तरिक श्रोत | |
| ७ | रासनी मन्दिर निर्माण वडा नं २ | ३५०००० | आन्तरिक श्रोत | |
| ८ | प्रतिक्षालय निर्माण प्रतापटोल वडा न ३ | २२५००० | आन्तरिक श्रोत | |

| | | | | |
|---|---|---|---|---|
| ९ | महादेव मन्दिर निर्माण तथा फिल्ड निर्माण वडा न ३ | २२५००० | आन्तरिक श्रोत | |
| १० | हौपा खानेपानी धारा निर्माण वडा न ३ | २००००० | आन्तरिक श्रोत | |
| ११ | थार्पा मष्ट मन्दिर निर्माण वडा न ३ | ८०००० | आन्तरिक श्रोत | |
| १२ | सुरगाउँ बाटो सोईलिङ्ग तथा ढल निकास वडा न ५ | १२००००० | आन्तरिक श्रोत | |
| १३ | सुर एक घर एक धारा मर्मत वडा न ५ | ३००००० | आन्तरिक श्रोत | |
| १४ | डाँफे आ वि परिसर मर्मत वडा न ५ | २००००० | आन्तरिक श्रोत | |
| १५ | सोलार वितरण वडा न ६ | १७००००० | आन्तरिक श्रोत | |
| १६ | दोचोकुना देखि पालेसम्म बाटो तथा पुल मर्मत वडा न ७ | ३००००० | आन्तरिक श्रोत | |
| १७ | मन्दिरको लागि जास्ता पाता खरिद वडा न ७ | ३००००० | आन्तरिक श्रोत | |
| १८ | झाक्रेपानी तिर्थ स्थल निर्माण वडा न ८ | ५००००० | आन्तरिक श्रोत | |
| १९ | धुपेना औतारी मन्दिर निर्माण | ३५०००० | आन्तरिक श्रोत | |
| २० | विद्युत कुलो मर्मत तथा सामाग्री खरिद वडा न ४ | ५००००० | आन्तरिक श्रोत | |
| २१ | भानु आ वि खेल मैदान वडा न ४ | ४००००० | आन्तरिक श्रोत | |
| २२ | मष्टा थान निर्माण वडा न ४ | ४००००० | आन्तरिक श्रोत | |
| २३ | वडा कार्यालय व्यवस्थापन वडा न ४ | २००००० | आन्तरिक श्रोत | |
| २४ | प्रधानमन्त्री रोजगार प्रोत्साहन | ८९५०० | आन्तरिक श्रोत | |
| २५ | मेलमिलाप केन्द्र व्यवस्थापन तथा तालिम खर्च | २०९५०० | आन्तरिक श्रोत | |
| २६ | एन.टि.सि. टावर ढुवानी | ३००००० | आन्तरिक श्रोत | |
| २७ | ७ नं वडा कार्यालयको भुक्तानी | १६००००० | आन्तरिक श्रोत | |
| २८ | १ नं वडा कार्यालयको भुक्तानी | १५५०००० | आन्तरिक श्रोत | |
| २९ | Operaकम्पनीलाई एन टि सी टावरको बाकी भुक्तानी | ७००००० | आन्तरिक श्रोत | |
| ३० | स्वच्छता परियोजना बाँकी भुक्तानी | ५००००० | आन्तरिक श्रोत | |
| ३१ | पदाधिकारी तथा कर्मचारीहरुलाई विदाई तथा स्वागत कार्यक्रम | ४००००० | आन्तरिक श्रोत | |
| ३२ | महिला संजाल भवनमा शौचालय | २००००० | आन्तरिक श्रोत | |
| ३३ | १६ दिने महिला हिंस विरुद्ध अभियान | २००००० | आन्तरिक श्रोत | |
| ३४ | वडा स्तरीय महिला सञ्जाललाई सर सफाई मुलक कार्यक्रम | २००००० | आन्तरिक श्रोत | |
| ३५ | अन्य भ्रमण खर्च | १४०९८ | आन्तरिक श्रोत | |
| **जम्मा** | | **१४३२९०००** | | |
| **कुल जम्मा** | | **८९११४०९८** | | |

आ.व. २०७८।०७९ को लागि संघ तथा प्रदेशमा माग गरिने आयोजनाहरु:

| संघ तथा प्रदेशमा माग गरिने योजनाहरु | | | | |
|---|---|---|---|---|
| **सि न** | **वडा नं** | **बजेट वाडफाड विवरण** | **संघ/प्रदेश** | **कैफियत** |
| १ | १ | रातापानी खानेपानी मर्मत | | |
| २ | १ | घोरेगोठ लेख स्याउ खेती घेरावार | | |
| ३ | १ | खाली टिमुर खेती घेरावार | | |
| ४ | १ | पिपिन न्यारी फलफुल खेती घेरावार | | |
| ५ | १ | पल ढुङ्गा स्याउ खेती घेरावार | | |
| ६ | १ | प्रतापटोल देखि हल्सिकेसम्म पदमार्ग निर्माण | | |
| ७ | १ | मुलबारा तिर्थस्थल स्नान धारा निर्माण तथा बृक्षारोपन | | |
| ८ | १ | एकुरेकुना टिमुर खेती गरा निर्माण तथा घेरावार | | |
| ९ | १ | एकिकृत बस्ती विस्तार तथा वस्ती व्यवस्थापन | प्रदेश | |
| १० | १ | पव पैदावारमा आधारित साना तथा लघु उद्योग स्थापना वाईगाउँ औल | | |
| ११ | १ | सुर्योदय आ वि भवन निर्माण | | |
| १२ | १ | औल साघुझारा झो पु निर्माण | | |
| १३ | १ | औल आधारभुत स्वास्थ्य चौकी भवन घेरावार | | |
| १४ | १ | कालिका मन्दिर निर्माण भेटगाउँ | | |
| १५ | १ | माफी तथा बरा मन्दिर निर्माण | | |
| १६ | १ | दोबाटोदेखि देविथानसम्म स्याउ घेरावार | | |
| १७ | २ | पिपतेरी घेरावार | प्रदेश | |
| १८ | २ | बारदान्न देखि बनपुकासम्म पर्यटन पदमार्ग निर्माण | संघ | |
| १९ | २ | खोरिया दारराना स्याउ बगैचाको लागि घेरावार | प्रदेश | |
| २० | २ | होपोबाट खाजाखाना कबुलियत हुदै औलसम्म सिचाई निर्माण | प्रदेश | |
| २१ | २ | सुलुङ्गेपुल निर्माण योजना-भदाले | संघ | |
| २२ | २ | पले ढुङगा स्याउ बगैचा घेरावार निर्माण | प्रदेश | |
| २३ | २ | पिपिनेरीदेखि छिमासम्म स्याउ बगैचा घेरावार | संघ | |
| २४ | ३ | स्याउ ओखर सम्वन्धि बगैचा काटछाट तालिम | | |
| २५ | ३ | ५०% अनुदानमा एक घर उन्नत जातका बाख्रा वितरण | | |
| २६ | ३ | एक घर एक धारा खानेपानी ढल निकास कार्यक्रम | | |
| २७ | ३ | एक घर एक हिल ट्यान्ङ्की वितरण | | |
| २८ | ३ | मौरीधार देखि दयारारुखसम्म पर्यटन पदमार्ग | प्रदेश | |
| २९ | ३ | घट्टेखोला देखि बसडी पर्यटन पदमार्ग | | |
| ३० | ३ | मारेदेखि हेराउ दुस्कीसम्म पदमार्ग | | |
| ३१ | ३ | पले ढुङगा देखि भुजेउरी हल्सिगो पदमार्ग | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | ३ | गारापानी घेरावार तथा बृक्षारोपन | | |
| ३३ | ३ | नेउर स्याउ बगैचा घेरावार | | |
| ३४ | ३ | वडा कार्यालयमा घेरावार निर्माण | | |
| ३५ | ३ | कालिका मन्दिरदेखि दहसम्म घेरावार | | |
| ३६ | ३ | हल्सिर्ग महिला समुहको भवन निर्माण | | |
| ३७ | ४ | गोठेचौर झो पु निर्माण | संघ | |
| ३८ | ४ | फेदिहुदै खामीखरक सम्म पर्यटन पदमार्ग | | |
| ३९ | ४ | भेरीनदि तटवन्धन | | |
| ४० | ४ | गेईला हुदै लगरेसा उदय ढङगा बायोमेला रोश फल्नेसम्म सिचाई तथा खानेपानी आयोजना | | |
| ४१ | ४ | हरिया रुख हुदै कुम्देनीसम्म ग्रामिण कृषि सडक | | |
| ४२ | ४ | थाग्ना घेरावार | प्रदेश | |
| ४३ | ४ | सुरखोलीबाट थाग्नासम्म खानेपानी योजना निर्माण | | |
| ४४ | ४ | निलदहदेखि थाग्नासम्म पदमार्ग | | |
| ४५ | ४ | नौल मन्दिर निर्माण | | |
| ४६ | ४ | मष्टा मन्दिर निर्माण | | |
| ४७ | ५ | तिलचुचा मुहानबाट तल्लो पातिहाल्न रातामाटा फुलु हुदै थाग्नासम्म खानेपानी निर्माण | संघ | |
| ४८ | ५ | डिलकुम्दादेखि पानीखालासम्म घेरावार निर्माण | | |
| ४९ | ५ | भुगबाट पानीखालासम्म पदमार्ग | | |
| ५० | ५ | सुरखोली राजीकुम्दा झो पु निर्माण | | |
| ५१ | ५ | खादु बुक्ला खोला खानेपानी निर्माण | प्रदेश | |
| ५२ | ५ | सुरखोली तटवन्धन निर्माण | | |
| ५३ | ५ | सुरखोली टिमुर खेती घेरावार | | |
| ५४ | ५ | फुलु स्याउ खेती घेरावार | | |
| ५५ | ५ | पानीखालाबाट महादेव मन्दिरसम्म पदमार्ग | | |
| ५६ | ५ | उदोजिउला देखि पानीखालासम्म घेरावार | | |
| ५७ | ५ | सिमलाईना घेरावार | | |
| ५८ | ६ | लहरेसल्ला स्याउ खेती घेरावार | संघ | |
| ५९ | ६ | घुम्चेपाखा सल्यानचौर घेरावार | | |
| ६० | ६ | स्याउ खेती घेरावार | | |
| ६१ | ६ | कटकादेखि सिरपाटाहुदै हपल्ला खादु पर्यटकीय पदमार्ग | | |
| ६२ | ६ | धनान्न घेरावार | | |
| ६३ | ६ | छहरेखोलादेखि तल्ली नर्कु सम्म सिचाई | | |
| ६४ | ६ | शिव मन्दिरदेखि कोठान्ना हुदै मुड्केचुला तिर्थस्थलसम्म पर्यटकीय पदमार्ग | | |

| | | | | |
|---|---|---|---|---|
| ६५ | ६ | वडा स्तरिय खेल मैदान गणेशचौर नर्कु | प्रधानमन्त्री रोजगार | |
| ६६ | ६ | आर्यागैरादेखि आन्नेसम्म पर्यटकीय पदमार्ग | | |
| ६७ | ६ | आधारभुत स्वास्थ्य केन्द्रदेखि लापाओखर हुदै विरमुखासम्म घेरावार | मुख्यमन्त्री रोजगार | |
| ६८ | ६ | तग्दा टिमुर खेती घेरावार | प्रदेश | |
| ६९ | ६ | शिव मन्दिर घेरावार | | |
| ७० | ६ | नर्कु हेलिप्याड सल्यानचौर सुरघट्टे खोला निलदहसम्म मोटर बाटो निर्माण | | |
| ७१ | ६ | राईगाड पुल देखि चेत्तभिर हुदै देउरा डाडासम्म पदमार्ग | | |
| ७२ | ६ | तलि नर्कु देखि हेलिप्याडसम्म पदमार्ग | | |
| ७३ | ६ | फटकादेखि तग्दा हुदै गामी नेटासम्म पदमार्ग | | |
| ७४ | ६ | ठिगामुल हुदै दारकाटिया सम्म साना सिचाई योजना निर्माण | | |
| ७५ | ६ | बरालपाटा स्यारउ वगैचा घेरावार | | |
| ७६ | ६ | आधारभुत स्वास्थ्य केन्द्र र अपाङग भवनसम्म खानेपानी योजना निर्माण | | |
| ७७ | ६ | गणेश खोला तटवन्धन योजना | | |
| ७८ | ६ | तिल नर्कु ओखरधारादेखि वागदुली सम्म पदमार्ग | | |
| ७९ | ६ | गामादेखि धुपेनासम्म खानेपानी योजना निर्माण | | |
| ८० | ६ | खानेपानी टयाङकी धारा तथा घेरावार योजना | | |
| ८१ | ६ | फटका खिरखिर घुरेलिसम्म बाटो निर्माण | | |
| ८२ | ६ | कोटठाना हुदै बारपाटा बल्ल चराउनसम्म घेरावार | संघ | |
| ८३ | ६ | खले पिथेदेखि तलि नर्कु खानेपानी नयाँ निर्माण टयाङ्की लाईन विस्तार | प्रदेश | |
| ८४ | ७ | नुनेगाड देखि भुग घट्ट हुदै मालिगाडसम्म बृहत तटवन्धन | संघ | |
| ८५ | ७ | डाङगडुगेदेखि दक्चेनीहुदै कोट खानेपानी | | |
| ८६ | ७ | महिला भवन निर्माण योजना | | |
| ८७ | ७ | रायञ्जिम देखि पुलतुग हुदै दोच्चाकुना खेताली सिचाई तथा खानेपानी | | |
| ८८ | ७ | गाउँदेखि दहपाल्त सान्ते एक्लेदेउल नन्दचुली हिमालसम्म पदमार्ग | | |
| ८९ | ७ | खाल्जरे देखि चोखापानीसम्म तटवन्धन | | |
| ९० | ७ | घट्टकुला तटबन्धन भुग | | |
| ९१ | ७ | भुईयारको मन्दिर निर्माण | प्रदेश | |
| ९२ | ७ | सर्मी गाउँदेखि माझवन तिर्थस्थलसम्म पर्यटन पदमार्ग | संघ | |
| ९३ | ७ | पोरीवयाल्दीमा सिचाई | प्रदेश | |
| ९४ | ७ | सिटिजन बालविकास केन्द्रको तटवन्धन | | |
| ९५ | ७ | घेरावार निर्माण | | |

| | | | | |
|---|---|---|---|---|
| ९६ | ७ | सेपानी तिर्थस्थल मन्दिर निर्माण तथा घेरावार | | |
| ९७ | ८ | सर्की देउलामा मन्दिर घेरावार भवन | | |
| ९८ | ८ | श्री जनचेतना युवा क्लव गाडापारी | | |
| ९९ | ८ | कालिका भगवति मन्दिर घेरावार | प्रदेश | |
| १०० | ८ | लाटा लुटे देखि झल्के पथारासम्म पर्यटकीय पदमार्ग | | |
| १०१ | ८ | सर्की देउ घेरावार र ठाकुर मन्दिर निर्माण | | |
| १०२ | ८ | लेख सिचाई तथा घेरावार | | |
| १०३ | ८ | कैलाश आ वि तटवन्धन योजना | | |
| १०४ | ८ | महिला भवन निर्माण योजना | | |
| १०५ | ८ | जिमी चौर बस्तिलाई खानेपानी | | |
| १०६ | ८ | लेखदेखि भिन्दुलसम्म पर्यटकीय पदमार्ग | | |
| १०७ | ८ | सिलाई कटाई भवन | संघ | |
| १०८ | ८ | मष्टा मन्दिर | | |
| १०९ | ८ | बुरु मष्टा मन्दिर ओक्ट | | |
| ११० | ८ | रारा आ विको तटवन्धन | | |
| १११ | ८ | बरबदेउबाट घुमिदेउसम्म रोड बाटो तटवन्धन | | |
| ११२ | ८ | तलचौर घेरावार स्याउ तथा फलफुल तरकारी खेती | | |
| ११३ | ९ | होर्त गाउँ ढल निकास | | |
| ११४ | ९ | घट्टेखोलासम्म ग्रामीण सडक | | |
| ११५ | ९ | होर्त खेल मैदान | | |
| ११६ | ९ | खेल भवन निर्माण | | |
| ११७ | ९ | महिला भवन निर्माण योजना | | |
| ११८ | ९ | मुसेखोला देखि घट्ट खोला हुदै खालीसम्म खानेपानी | | |
| ११९ | ९ | शिल मण्डलि घेरावार | | |
| १२० | ९ | दलित बस्ति तटवन्धन निर्माण | | |

**तयार गर्ने**
तिर्थराज महतारा
नि.प्रमुख प्रशासकीय अधिकृत

**स्वीकृत गर्ने**
दत्त बहादुर शाही
गाउँपालिका अध्यक्ष

**प्रस्तुत गर्ने**
सविता कुमारी रोकाया
गाउँपालिका उपाध्यक्ष